# विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३

UNIVERSITY GRANTS COMMISSION NEPAL

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर, नेपाल

२०७३

*विश्वविद्यालय समन्वय समितिको मिति २०७३/०५/२१ को सिफारिसमा विश्वविद्यालय अनुदान आयोगको मिति २०७४/०२/२१ को निर्णय (नि.नं. १०६३) बाट स्वीकृत*

विश्वविद्यालय अनुदान आयोग ऐन २०५० को नियम ६ (१) (च) को उद्देश्य पूरा गर्ने प्रयोजनका लागि सम्बन्धित ऐनले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले "विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३" तयार गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम, प्रयोग र प्रारम्भ

(१) यो कार्यविधिको नाम "विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि यसअघि नेपालमा स्थापित तथा यसपछि स्थापना हुने नेपालका सबै मान्यताप्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरहका उच्च शैक्षिक संस्थाहरूमा लागु हुनेछ ।

(३) यो कार्यविधि विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा

(क) "विश्वविद्यालय" भन्नाले नेपालका सबै मान्यताप्राप्त विश्वविद्यालय बुझ्नु पर्दछ ।

(ख) "उच्च शैक्षिक संस्था" भन्नाले नेपालका विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने मान्यताप्राप्त सबै प्रतिष्ठानहरूलाई बुझ्नु पर्दछ ।

(ग) "शैक्षिक संस्था" भन्नाले मान्यताप्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने मान्यताप्राप्त प्रतिष्ठानहरू अन्तर्गतका केन्द्रीय विभाग, स्कूल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्याम्पसलाई बुझ्नु पर्दछ ।

(घ) "श्रेणी (Division)" भन्नाले अंक प्रणाली परीक्षा अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(ङ) "जिपिए (GPA)" भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त उपाधिको लब्धांकपत्रमा उल्लेखित ग्रेड (स्तर) बुझ्नु पर्दछ ।

(च) "सिजिपिए (CGPA)" भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित कूल ग्रेड बुझ्नु पर्दछ ।

(छ) "क्रेडिट घण्टा (Credit hour)" भन्नाले सामान्यतया एक सेमेस्टर वा ट्राइमेस्टरमा प्रतिहप्ता एक घण्टा शिक्षण र सम्बन्धित विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाले तोकेको प्रायोगिकी कार्यक्रम समेत भएको पाठ्यभार बुझ्नु पर्दछ । यसले उच्च शिक्षा योग्यता प्रारुप (Higher Education Qualification Framework) मा उल्लेख भए बमोजिमको क्रेडिट घन्टालाई समेत जनाउँदछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(ज) "सेमेस्टर (Semester)" भन्नाले सामान्यतया एक हप्ताको एक क्रेडिट घण्टाको दरले कम्तिमा १५ हप्ताको शिक्षण र प्रायोगिकी सहितको पाठ्य कार्यक्रम बुझ्नु पर्दछ ।

(झ) "पाठ्य कार्यक्रम (Coursework)" भन्नाले विद्यावारिधि कार्यक्रमका उम्मेदवारले अनुसन्धान शुरू गर्नु अघि वा सँगसँगै पूरा गर्नुपर्ने अध्ययनको पाठ्य कार्यक्रम बुझ्नु पर्दछ ।

(ञ) "अनिवार्य पाठ्य कार्यक्रम (Mandatory coursework)" भन्नाले विद्यार्थीले अनुसन्धान कार्यक्रम शुरु गर्नु पूर्व पूरा गर्नुपर्ने विज्ञान दर्शन (Philosophy of science) तथा अनुसन्धान विधि (Research methodology) लगायत बिषयका सैद्धान्तिक पाठ्य कार्यक्रमलाई बुझ्नु पर्दछ ।

(ट) "छनोट योग्य पाठ्य कार्यक्रम (Selective coursework)" भन्नाले विद्यार्थीको प्रस्तावित अनुसन्धान कार्यका लागि सान्दर्भिक वा उपयोगी हुने विषयगत पाठ्य कार्यक्रमलाई बुझ्नु पर्दछ ।

(ठ) "अनुसन्धानमूलक लेख (Research paper)" भन्नाले अनुसन्धानमा आधारित र विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित (peer-reviewed) प्राज्ञिक जर्नल वा सूचीकृत जर्नल (Indexed Journal) मा प्रकाशित शोधलेख बुझ्नु पर्दछ ।

(ड) "शोधप्रबन्ध (Thesis/Dissertation)" भन्नाले विद्यावारिधि उपाधिको लागि चाहिने अनुसन्धान शोधप्रबन्ध बुझ्नु पर्दछ ।

(ढ) "प्रमुख सुपरिवेक्षक (Principal-Supervisor)" भन्नाले विद्यावारिधि उपाधिको लागि चाहिने अनुसन्धानमा विद्यार्थीलाई सुपरिवेक्षण गर्न तोकिएको शोध सुपरिवेक्षक बुझ्नु पर्दछ ।

(ण) "सह-सुपरिवेक्षक (Co-Supervisor)" भन्नाले प्रमुख सुपरिवेक्षकको कार्यलाई सहयोग गर्न तोकिएको सह-सुपरिवेक्षक बुझ्नु पर्दछ ।

(त) "सूचीकृत जर्नल (Indexed journal)" भन्नाले Web of Science, Scopus लगायत अन्य प्रतिष्ठित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नलहरू बुझ्नु पर्दछ ।

(थ) "प्रवेश परीक्षा" भन्नाले विद्यावारिधि कार्यक्रममा प्रवेश गराउन सम्बन्धित शैक्षिक संस्थाले लिने परीक्षा बुझ्नु पर्दछ ।

(द) "राष्ट्रिय योग्यता परीक्षण (National Eligibility Test)" भन्नाले विश्वविद्यालय अनुदान आयोगले व्यवस्था गरे अनुसारको योग्यता परीक्षा बुझ्नु पर्दछ ।

(ध) "अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षण (International Standardized Test)" भन्नाले स्नातकोत्तर तहमा प्रवेशको लागि अन्तर्राष्ट्रिय रूपमा प्रचलित Graduate Record Examination (GRE), Graduate Management Admission Test (GMAT) जस्ता साधारण र विषयगत परीक्षा एवम् समकक्षी परीक्षाहरू बुझ्नु पर्दछ ।

(न) "अनुसन्धान समिति (Research Committee)" भन्नाले विद्यावारिधि कार्यक्रम चलाउने विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाको सम्बन्धित डीन कार्यालय वा शिक्षण विभागमा विद्यावारिधिको अनुसन्धान कार्यक्रमलाई सञ्चालन र मुल्याङ्कन गर्ने जिम्मेवारी लिएको समितिलाई बुझ्नु पर्दछ । यसले विधिवत अनुसन्धान आचारसंहिता तथा जोखिम व्यवस्थापन लगायतका जिम्मेवारी लिएका अलग अलग समितिहरू समेतलाई बुझाउँदछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(प) "छनोट समिति (Selection Committee)" भन्नाले प्रवेश परीक्षा उत्तिर्ण भएका उम्मेदवारलाई अन्तर्वार्ता लिई छनोट गर्ने र सुपरिवेक्षक छनोट गराउने जिम्मेवारी लिएको समिति बुझ्नु पर्दछ ।

(फ) "निर्देशन/सुपरिवेक्षण समिति (Guidance/Supervision Committee)" भन्नाले शोध सुपरिवेक्षकको संयोजकत्व र छनोटमा विद्यार्थीलाई अनुसन्धानमा सल्लाह दिन र आवधिक प्रगति मुल्याङ्कन गर्न गठित सम्बन्धित विषयका विज्ञहरूको समूह भन्ने बुझ्नुपर्दछ ।

(ब) "मुल्याङ्कन समिति (Evaluation Committee)" भन्नाले विद्यावारिधि उपाधिको लागि उम्मेदवारले प्रस्तुत गरेको शोधप्रबन्धको अन्तिम मुल्याङ्कन गर्न गठित समिति भन्ने बुझ्नुपर्दछ ।

(भ) "मौखिक परीक्षा (Viva voce)" भन्नाले मुल्याङ्कन समितिले आन्तरिक तथा बाह्य परीक्षकद्वारा शोधप्रबन्ध स्वीकृत भएको/हुन सक्ने जानकारी आएपछि उम्मेदवारले सो शोधप्रबन्ध खुला रूपमा प्रतिरक्षा (Defense) गर्नको लागि व्यवस्था गरिएको प्रस्तुति वा मौखिक परीक्षा भन्ने बुझ्नुपर्दछ ।

## परिच्छेद–२

## विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न चाहिने संस्थागत योग्यता र पूर्वशर्त

२.१ विद्यावारिधि कार्यक्रम खुला सिकाइ तथा दूर शिक्षा विधि (Open and Distance Education Mode) बाट सञ्चालन गर्न पाइने छैन ।

२.२ स्नातकोत्तर/एम. फिल. वा सो सरहको कार्यक्रम कम्तिमा ५ वर्ष सञ्चालन गरेको शैक्षिक संस्थाले मात्र सो कार्यक्रम निरन्तर राखी विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न सक्नेछ । तर, कुनै क्याम्पस विश्वविद्यालयमा समायोजन भएको अवस्थामा पूर्ववत् क्याम्पसले सञ्चालन गरेको स्नातकोत्तर/एम. फिल. वा सो सरहको कार्यक्रमलाई मान्यता दिइ अवधि गणना गर्न सकिनेछ । साथै, यस कार्यविधिको मर्म र भावना विपरित यदि कुनै कार्यक्रम यसअघि सञ्चालनमा रहेको भएमा त्यसलाई पूरा गर्ने सन्दर्भमा यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

२.३ विद्यावारिधि कार्यक्रम न्यूनतम ३ वर्ष वा सो सरह क्रेडिट घण्टाको हुनु पर्नेछ ।

२.४ विद्यावारिधि कार्यक्रम सामान्यतया पूर्णकालीन हुनु पर्नेछ । शोधार्थीले विद्यावारिधि कार्यक्रमका लागि सम्बन्धित शैक्षिक संस्थाको आवश्यकता र व्यवस्था अनुसार निश्चित अवधिको आवासीय आवश्यकता (Residential requirement) पूरा गर्नु पर्नेछ ।

२.५ शैक्षिक संस्थाले सञ्चालन गरेको शैक्षिक कार्यक्रमहरू अन्तर्गतका विषयमा आवश्यक विज्ञहरु उपलब्ध हुन सक्ने अवस्थामा मात्र विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२.६ विद्यावारिधि कार्यक्रममा शोधार्थीको योग्यता र आवश्यकताको मूल्याङ्कन गरी सम्बन्धित शैक्षिक संस्थाले तय गरेको न्यूनतम एक सेमेष्टर वा सो सरह क्रेडिट घण्टाको पाठ्य कार्यक्रम हुनुपर्नेछ, जसमा अनिवार्य पाठ्य कार्यक्रमको रूपमा १२ क्रेडिट घन्टा दर्शन (Philosophy) र अनुसन्धान विधि (Research Methodology) तथा ६ क्रेडिट घन्टा छनोट योग्य पाठ्य कार्यक्रमको रूपमा प्रस्तावित अनुसन्धानको लागि सान्दर्भिक हुने विषयगत पाठ्य कार्यक्रम हुनुपर्नेछ । एम. फिल उपाधि हासिल गरिसकेकाहरुको हकमा भने सम्बन्धित शैक्षिक संस्थाले तोके बमोजिम हुनेछ ।

२.७ विद्यावारिधि कार्यक्रम सञ्चालन गर्न शैक्षिक संस्थासँग निम्न संसाधन र संरचना हुनपर्नेछ :

UNIVERSITY GRANTS COMMISSION NEPAL

(क) उच्च शैक्षिक संस्थामा तीन बर्षदेखि निरन्तर कार्यरत विद्यावारिधि उपाधिसहितका (पूर्णकालिन वा आंशिक) कम्तिमा २ प्राध्यापक र ६ सह-प्राध्यापक वा उप-प्राध्यापक

(ख) विद्यावारिधि अनुसन्धानको लक्षित योगदान स्तर र विद्यावारिधि कार्यक्रमले प्रदान गर्ने लक्ष्य राखेको क्षमता र सीप समेत उल्लेख गरिएको विद्यावारिधि कार्यक्रम सञ्चालन निर्देशिका

(ग) प्राज्ञिक आचारसंहिता (Code of Academic Integrity) र अनुसन्धान अनाचार सम्बोधन कार्यविधि (Procedure to address allegation of research misconduct) सहितका निर्दिष्ट निर्देशिकाहरू

(घ) अनुसन्धान समिति (अनुसन्धान निर्देशन, सुपरिवेक्षण, मुल्याङ्कन, गुणस्तर नियन्त्रण, आचारसंहिता र सुरक्षा जोखिम व्यवस्थापनको लागि तोकिएको जिम्मेवारी सहितको बहुसमितिय संरचना)

(ङ) विद्यावारिधि कार्यक्रम अन्तर्गतको अनुसन्धान परियोजनाको लागि आन्तरिक वा वाह्य श्रोतबाट जुट्ने गरी पूर्ण वित्तीय सहयोगको व्यवस्था वा योजना ।

(च) शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षाको प्रावधान । यस प्रयोजनका लागि विश्वविद्यालय अनुदान आयोगले तोकेको राष्ट्रिय योग्यता परीक्षण वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनैलाई पनि शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा सरह मान्न सकिनेछ ।

(छ) निर्दिष्ट शर्त पालना गरी उपलब्ध हुने निश्चित संख्या तोकेर अर्धवार्षिक वा वार्षिक रूपमा आवेदनको लागि सार्वजनिक आह्वान गर्ने कार्य योजना ।

## परिच्छेद-३

## विद्यावारिधिको सुपरिवेक्षक र उम्मेदवारको न्यूनतम योग्यता र शर्त

### ३.१ विद्यावारिधि प्रमुख-सुपरिवेक्षकको न्यूनतम योग्यता र शर्त

(क) विद्यावारिधि उपाधि प्राप्त

(ख) कम्तिमा सह-प्राध्यापक वा सो सरहको पदमा एक बर्षे कार्यानुभव भएको

(ग) सूचीकृत जर्नल वा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त जर्नलमा ५ वटा अनुसन्धानमूलक लेख प्रकाशित गरेको (तर, विद्यावारिधि उपाधि प्राप्त गरे पश्चात उच्च शिक्षाको क्षेत्रमा दश बर्ष प्राध्यापन तथा अनुसन्धान कार्य गरिसकेका प्राध्यापकहरुको हकमा अनुसन्धानमूलक लेखको प्रकाशन अनिवार्य शर्त हुने छैन)

(घ) कार्यक्रम सञ्चालन हुने संस्थामा पूर्णकालीन वा आंशिक रुपमा कार्यरत रहेको वा विश्वविद्यालयहरुबीच एकापसमा विज्ञहरु आदान प्रदान गर्ने सम्बन्धमा अन्तर विश्वविद्यालयीय सम्झौता भएको भए सोही बमोजिम

(ङ) एक पटकमा प्राध्यापकका लागि ५ जना र सह-प्राध्यापकको लागि ४ जना विद्यार्थी (शोधार्थी) को अधिकतम सुपरिवेक्षण सीमा

UNIVERSITY GRANTS COMMISSION NEPAL

### ३.२ विद्यावारिधि सह-सुपरिवेक्षकको न्यूनतम योग्यता र शर्त

(क) विद्यावारिधि उपाधि प्राप्त

(ख) कम्तिमा उप-प्राध्यापक वा सो सरह

(ग) सूचीकृत जर्नल वा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त जर्नलमा २ वटा अनुसन्धानमूलक लेख प्रकाशित गरेको

(घ) एक पटकमा प्राध्यापकका लागि ५ जना, सह-प्राध्यापकको लागि ४ जना र उप-प्राध्यापकको लागि ३ जना विद्यार्थी (शोधार्थी) को अधिकतम सुपरिवेक्षण सीमा

### ३.३ विद्यावारिधि उपाधिको लागि उम्मेदवार हुने विद्यार्थीको न्यूनतम योग्यता

(क) सम्बन्धित विषयमा उच्च द्वितीय श्रेणी वा ३.०/४.० सिजिपिए वा सो सरह ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी उच्च शिक्षा योग्यता प्रारुप (Higher Education Qualification Framework) ले निर्धारण गरेको योग्यता पूरा गरेको ।

(ख) अन्तरविधागत (Interdisciplinary) अध्ययनका सन्दर्भमा उच्च शिक्षा योग्यता प्रारुपले निर्धारण गरे बमोजिम सम्बन्धित विश्वविद्यालयले तय गरेको तीस क्रेडिट घन्टाको Conversion कोर्ष पूरा गरेको ।

(ग) विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त समकक्ष समीक्षित (Peer reviewed) जर्नलमा सम्बन्धित क्षेत्रमा कम्तिमा एउटा अनुसन्धानमूलक लेख प्रकाशित गरेको

(घ) अनुसन्धान, उच्च शिक्षामा अध्यापन/प्राध्यापन वा सम्बन्धित पेशा/विषयमा निम्न अनुसारको थप अनुभव भएको :

(अ) उच्च द्वितिय श्रेणीको प्राप्तांक वा ३.०/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्तका लागि : २ वर्षको कार्य अनुभव

(आ) प्रथम श्रेणीको प्राप्तांक वा ३.३/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्तका लागि : १ वर्षको कार्य अनुभव

(इ) विशिष्ट श्रेणीको प्राप्तांक वा ३.७/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर वा एम.फिल. उपाधि प्राप्तका लागि कामको अनुभव अनिवार्य हुने छैन

(ङ) सम्बन्धित शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा वा विश्वविद्यालय अनुदान आयोगले तोकेको राष्ट्रिय योग्यता परीक्षण वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनै एकमा सम्बन्धित विश्वविद्यालयले तोकेको प्राप्ताङ्क सहित उत्तीर्ण

(च) पूर्णकालीन वा आंशिक विद्यार्थी

UNIVERSITY GRANTS COMMISSION NEPAL

# परिच्छेद-४

## विद्यावारिधि उपाधिको प्रक्रिया र शर्त

### ४.१ विद्यावारिधि कार्यक्रमको लागि भर्ना प्रक्रिया

(क) शैक्षिक संस्थाले यस कार्यविधिको नियम ३.१ र ३.२ को पालना गरी उपलब्ध हुन सक्ने संख्यामा आवेदनको लागि वार्षिक वा अर्धवार्षिक रूपमा सार्वजनिक आह्वान गर्नेछ ।

(ख) प्रवेश परीक्षा सञ्चालन गरी वा मान्यता प्राप्त वैकल्पिक परीक्षणको प्राप्तांकको आधारमा प्रवेश योग्यता निर्धारण गरिनेछ ।

(ग) प्रस्तावित प्रमुख-सुपरिवेक्षक सहितको उम्मेदवार छनोट समितिद्वारा अन्तर्वार्ता लिई योग्यता प्रणालीका आधारमा सफल उम्मेदवारलाई विधिवत भर्ना गरिनेछ ।

### ४.२ विद्यावारिधि उपाधिको लागि प्रक्रिया र शर्त

(क) प्रमुख-सुपरिवेक्षकको सहमतिमा उम्मेदवारले प्रारम्भिक अनुसन्धान प्रस्ताव अनुसन्धान समिति वा शैक्षिक संस्थाले तोकेको निकायमा पेश गर्नुपर्नेछ ।

(ख) विद्यावारिधि कार्यक्रमको उम्मेदवारलाई कार्यक्रम अवधिभर पाठ्य कार्यक्रम, अनुसन्धान, प्रकाशन र शोधप्रबन्ध परिमार्जनको लागि आवश्यक निर्देशन दिन शैक्षिक संस्थाले प्रमुख-सुपरिवेक्षकको संयोजकत्व र छनोटमा सुपरिवेक्षक र अनुसन्धान प्रस्तावको विषयसँग सम्बन्धित विज्ञहरू सहितको कम्तिमा ३ सदस्यीय एक निर्देशन समितिको गठन गर्नुपर्नेछ ।

(ग) विद्यावारिधि कार्यक्रमको लागि निर्देशन समितिको सुझावमा अनुसन्धानको लागि सान्दर्भिक हुने पाठ्य कार्यक्रमको छनोट गरिनेछ । यस्ता पाठ्य कार्यक्रमहरू जुनसुकै शैक्षिक संस्थाबाट पनि लिन सकिनेछ र त्यसको क्रेडिट ट्रान्सफर हुनेछ । छनोट योग्य पाठ्य कार्यक्रम विद्यावारिधि कार्यक्रमको अवधिभर जुनसुकै समयमा पनि पूरा गर्न सकिनेछ ।

(घ) अनुसन्धान कार्यको थालनी ।

(ङ) विद्यावारिधि उपाधिका लागि भर्ना भएको समयबाट एक वर्षभित्र पूर्ण अनुसन्धान प्रस्ताव शैक्षिक संस्थाले तोकेको निकायमा अनिवार्य पेश गर्नुपर्नेछ ।

(च) विद्यावारिधि कार्यक्रमको उम्मेदवारले प्रगतिको वार्षिक प्रतिवेदन निर्देशन समितिमा बुझाई समितिको राय र सुझाव अनुसार काम गर्नुपर्नेछ ।

(छ) विद्यावारिधि उपाधिको लागि शोधकार्यबाट कम्तिमा दुई वटा अनुसन्धानमूलक लेख सूचीकृत जर्नल वा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त जर्नलमा प्रकाशित भएको वा प्रकाशनको लागि स्वीकार भएको हुनुपर्नेछ र उम्मेदवारले त्यसै अनुसार योजना गरेको पनि हुनुपर्नेछ ।

(ज) विद्यावारिधि शोधप्रबन्धको अन्तिम मुल्याङ्कन र उपाधिको घोषणा निम्न अनुसार हुनेछ :

(अ) उम्मेदवारद्वारा शैक्षिक संस्थाले तोकेको निकायमा निर्धारित समय सीमाभित्र शोधप्रबन्ध पेश गर्नुपर्नेछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(आ) शैक्षिक संस्थाले एक जना अनुसन्धान क्षेत्रको बिदेशी विज्ञसहित सम्वन्धित विषयका कम्तिमा ३ जना विज्ञ रहने गरी मुल्याङ्कन समिति गठन गर्नेछ र सो समितिले पेश भएको शोधप्रबन्धको अन्तिम मुल्याङ्कन गर्नेछ । अनुसन्धान क्षेत्रको बिदेशी विज्ञ विद्यावारिधि उपाधि प्राप्त कम्तिमा पनि सहप्राध्यापक सरहको भइ उच्च शिक्षाको अनुसन्धान क्षेत्रमा सूचिकृत तथा मान्यता प्राप्त जर्नलमा कम्तिमा तीनवटा अनुसन्धानमूलक लेख प्रकाशित भइसकेको हुनुपर्ने छ ।

(इ) शोधकर्ता मौखिक परीक्षामा अनिवार्य सहभागी हुनुपर्नेछ । मौखिक परीक्षामा कम्तिमा एक जना विदेशी वा वाह्य विश्वविद्यालयका विषय विज्ञ मुल्याङ्कनकर्ता हुनुपर्नेछ ।

(ई) शोधप्रबन्धलाई सम्बन्धित विश्वविद्यालयले अन्तिम स्वीकृति दिनुपूर्व सो शोधप्रबन्धले विश्वविद्यालय वा आयोगले व्यवस्था गरे बमोजिम बौद्धिक चोरी परीक्षण (plagiarism clearance) उत्तिर्ण गरेको हुनुपर्नेछ ।

(उ) शोधप्रबन्ध जुनसुकै भाषामा लेखिएको भए पनि शोधप्रबन्धको उपसंहार खण्ड अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

(ऊ) सम्बन्धित उच्च शैक्षिक संस्थाले उपाधिको निर्णय गर्नेछ ।

(ए) उपाधि प्राप्त विद्यार्थीले शोधप्रबन्धको एकप्रति डिजिटल प्रतिलिपि (CD) विश्वविद्यालय अनुदान आयोगमा अनिवार्य पेश गर्नुपर्नेछ ।

## परिच्छेद–५
## विविध

### ५.१ अन्तर्राष्ट्रिय संयुक्त विद्यावारिधि कार्यक्रम (Sandwich PhD Program)

शैक्षिक संस्थाले आफ्नो आवश्यकताको आधारमा कुनै विदेशी विश्वविद्यालयको विद्यावारिधि कार्यक्रमसँग संयुक्त हुने गरी अन्तर्विश्वविद्यालय संयुक्त विद्यावारिधि कार्यक्रम (Sandwich PhD Program) सञ्चालन गर्न सक्नेछ । यस्तो योजना अन्तर्गत सञ्चालन भएको कार्यक्रमको लागि न्यूनतम शर्त र प्रक्रिया यस्ता दुबै विश्वविद्यालयहरुमा गरी यस कार्यविधिमा तोकिए भन्दा कम हुनु हुँदैन ।

### ५.२ अन्य समकक्षी उपाधि

अनुसन्धानमा आधारित डक्टर अफ साइन्स (D.Sc.- Doctor of Science), डक्टर अफ मेडिसिन (D.M.- Doctor of Medicine), डक्टर अफ इन्जिनियरिङ (D. Eng.- Doctor of Engineering), डक्टर अफ म्यानेजमेन्ट (D.M.- Doctor of Management) आदि प्राज्ञिक उपाधिका मापदण्ड र समकक्षतासँग सम्बन्धित व्यवस्था सम्बन्धित उच्च शैक्षिक संस्था र विश्वविद्यालय अनुदान आयोगले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

### ५.३ अन्य व्यवस्था र प्रक्रिया

विद्यावारिधि कार्यक्रम तथा उपाधिसँग सम्बद्ध अन्य व्यवस्था र प्रक्रिया विश्वविद्यालय अनुदान आयोगले समय समयमा सम्बन्धित उच्च शैक्षिक संस्थाहरूसँग समन्वय गरी निर्धारण गरे अनुसार तथा सम्बन्धित शैक्षिक संस्था स्वयम्ले निर्धारण गरी लागु गरे अनुसार हुनेछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

# एम.फिल. उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३

UNIVERSITY GRANTS COMMISSION NEPAL

**विश्वविद्यालय अनुदान आयोग**

सानोठिमी, भक्तपुर, नेपाल

२०७३

विश्वविद्यालय अनुदान आयोग ऐन २०५० को नियम ६ (१) (च) को उद्देश्य पूरा गर्ने प्रयोजनका लागि सम्बन्धित ऐनले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले "एम. फिल. उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३'' तयार गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

### १.१ संक्षिप्त नाम, प्रयोग र प्रारम्भ

(१) यो कार्यविधिको नाम "एम.फिल. उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३'' रहेको छ ।

(२) यो कार्यविधि यसअघि नेपालमा स्थापित तथा यसपछि स्थापना हुने नेपालका सबै मान्यताप्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरहका उच्च शैक्षिक संस्थाहरूमा लागु हुनेछ ।

(३) यो कार्यविधि विश्वविद्यालय अनुदान आयोगबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले फरक अर्थ नलागेमा यस कार्यविधिमा

(क) "विश्वविद्यालय" भन्नाले नेपालका सबै मान्यताप्राप्त विश्वविद्यालय बुझ्नु पर्दछ ।

(ख) "उच्च शैक्षिक संस्था" भन्नाले नेपालका विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने मान्यताप्राप्त सबै प्रतिष्ठानहरूलाई बुझ्नु पर्दछ ।

(ग) "शैक्षिक संस्था" भन्नाले मान्यताप्राप्त विश्वविद्यालय र विश्वविद्यालय सरह शैक्षिक उपाधि प्रदान गर्ने मान्यताप्राप्त प्रतिष्ठानहरू अन्तर्गतका केन्द्रीय विभाग, स्कूल, आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त सामुदायिक तथा निजी क्याम्पसलाई बुझ्नु पर्दछ ।

(घ) "श्रेणी (Division)" भन्नाले अंक प्रणाली परीक्षा अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित श्रेणी बुझ्नु पर्दछ ।

(ङ) "जिपिए (GPA)" भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त उपाधिको लब्धांकपत्रमा उल्लेखित ग्रेड (स्तर) बुझ्नु पर्दछ ।

(च) "सिजिपिए (CGPA)" भन्नाले ग्रेडिङ परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित कूल ग्रेड बुझ्नु पर्दछ ।

(छ) "क्रेडिट घण्टा (Credit hour)" भन्नाले सामान्यतया एक सेमेस्टर वा ट्राइमेस्टरमा प्रतिहप्ता एक घण्टा शिक्षण र सम्बन्धित विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाले तोकेको प्रायोगिकी कार्यक्रम समेत भएको पाठ्यभार बुझ्नु पर्दछ । यसले उच्च शिक्षा योग्यता प्रारुप (Higher Education Qualification Framework) मा उल्लेख भए बमोजिमको क्रेडिट घन्टालाई समेत जनाउँदछ ।

(ज) "सेमेस्टर (Semester)" भन्नाले सामान्यतया एक हप्ताको एक क्रेडिट घण्टाको दरले कम्तिमा १५ हप्ताको शिक्षण र प्रायोगिकी सहितको पाठ्य कार्यक्रम बुझ्नु पर्दछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(झ) "अनुसन्धानमूलक लेख (Research paper)" भन्नाले अनुसन्धानमा आधारित र विश्वविद्यालय अनुदान आयोगले मान्यता दिएको समकक्ष समीक्षित (peer-reviewed) प्राज्ञिक जर्नल वा सूचीकृत जर्नल (Indexed Journal) मा प्रकाशित शोधलेख बुझ्नु पर्दछ ।

(ञ) "शोधप्रबन्ध (Thesis/Dissertation)" भन्नाले एम. फिल. उपाधिको लागि चाहिने अनुसन्धान शोधप्रबन्ध बुझ्नु पर्दछ ।

(ट) "सुपरिवेक्षक (Supervisor)" भन्नाले एम. फिल. उपाधिको लागि चाहिने अनुसन्धानमा विद्यार्थीलाई सुपरिवेक्षण गर्न तोकिएको शोध सुपरिवेक्षक बुझ्नु पर्दछ ।

(ठ) "सूचीकृत जर्नल (Indexed journal)" भन्नाले Web of Science, Scopus लगायत अन्य प्रतिष्ठित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नलहरू बुझ्नु पर्दछ ।

(ड) "प्रवेश परीक्षा" भन्नाले एम. फिल. कार्यक्रममा प्रवेश गराउन सम्बन्धित शैक्षिक संस्थाले लिने परीक्षा बुझ्नु पर्दछ ।

(ढ) "राष्ट्रिय योग्यता परीक्षण (National Eligibility Test)" भन्नाले विश्वविद्यालय अनुदान आयोगले व्यवस्था गरे अनुसारको योग्यता परीक्षा बुझ्नु पर्दछ ।

(ण) "अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षण (International Standardized Test)" भन्नाले स्नातकोत्तर तहमा प्रवेशको लागि अन्तर्राष्ट्रिय रूपमा प्रचलित Graduate Record Examination (GRE), Graduate Management Admission Test (GMAT) आदि जस्ता साधारण र विषयगत परीक्षा एवम् समकक्षी परीक्षाहरू बुझ्नु पर्दछ ।

(त) "अनुसन्धान समिति (Research Committee)" भन्नाले एम. फिल. कार्यक्रम चलाउने विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाको सम्बन्धित डीन कार्यालय वा शिक्षण विभागमा एम. फिल. को अनुसन्धान कार्यक्रमलाई सञ्चालन र मुल्याङ्कन गर्ने जिम्मेवारी लिएको समितिलाई बुझ्नु पर्दछ । यसले विधिवत अनुसन्धान आचारसंहिता तथा जोखिम व्यवस्थापन लगायतका जिम्मेवारी लिएका अलग अलग समितिहरू समेतलाई बुझाउँदछ ।

(थ) "छनोट समिति (Selection Committee)" भन्नाले प्रवेश परीक्षा उत्तिर्ण भएका उम्मेदवारलाई अन्तर्वार्ता लिई छनोट गर्ने र सुपरिवेक्षक छनोट गराउने जिम्मेवारी लिएको समिति बुझ्नु पर्दछ ।

(द) "निर्देशन/सुपरिवेक्षण समिति (Guidance/Supervision Committee)" भन्नाले शोध सुपरिवेक्षकको संयोजकत्व र छनोटमा विद्यार्थीलाई अनुसन्धानमा सल्लाह दिन र आवधिक प्रगति मुल्याङ्कन गर्न गठित सम्बन्धित विषयका विज्ञहरूको समूह भन्ने बुझ्नुपर्दछ ।

(ध) "मुल्याङ्कन समिति (Evaluation Committee)" भन्नाले एम.फिल. उपाधिको लागि उम्मेदवारले प्रस्तुत गरेको शोधप्रबन्धको अन्तिम मुल्याङ्कन गर्न गठित समिति बुझ्नुपर्दछ ।

(न) "मौखिक परीक्षा (Viva voce)" भन्नाले मुल्याङ्कन समितिले आन्तरिक तथा बाह्य परीक्षकद्वारा शोधप्रबन्ध स्वीकृत भएको/हुन सक्ने जानकारी आएपछि उम्मेदवारले सो शोधप्रबन्ध खुला रूपमा प्रतिरक्षा (Defense) गर्नको लागि व्यवस्था गरिएको प्रस्तुति वा मौखिक परीक्षा भन्ने बुझ्नुपर्दछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

## परिच्छेद-२

## एम.फिल. कार्यक्रम सञ्चालन गर्न चाहिने संस्थागत योग्यता र पूर्वशर्त

२.१ एम.फिल. कार्यक्रम दूर शिक्षा तथा खुला सिकाइ विधि (Open and Distance Education Mode) बाट सञ्चालन गर्न पाइने छैन ।

२.२ स्नातकोत्तर वा सो सरहको कार्यक्रम कम्तिमा ५ वर्ष सञ्चालन गरिसकेको शैक्षिक संस्थाले मात्र सो कार्यक्रम निरन्तर राखी एम. फिल. कार्यक्रम सञ्चालन गर्न सक्नेछ । तर, कुनै क्याम्पस विश्वविद्यालयमा समायोजन भएको अवस्थामा पूर्ववत् क्याम्पसले सञ्चालन गरेको स्नातकोत्तर कार्यक्रमलाई मान्यता दिइ अवधि गणना गर्न सकिने छ । साथै, यस कार्यविधिको मर्म र भावना विपरित यदि कुनै कार्यक्रम यसअघि सञ्चालनमा रहेको भएमा त्यसलाई पूरा गर्ने सन्दर्भमा यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

२.३ एम. फिल. कार्यक्रम पूर्णकालीन वा आंशिककालीन कार्यक्रमको रुपमा सञ्चालन गर्न सकिनेछ ।

२.४ आंशिककालीन एम. फिल. कार्यक्रममा पाठ्य कार्यक्रम (Coursework) मात्र आंशिककालीन हुन सक्नेछ । शोधकार्य खण्ड पूर्णकालीन कार्यक्रमको रुपमा सञ्चालन गर्नु पर्नेछ ।

२.५ पूर्णकालीन एम. फिल. कार्यक्रम न्यूनतम् १८ महिना वा सो सरह क्रेडिट घण्टाको हुनु पर्नेछ । आंशिककालीन एम. फिल. कार्यक्रम अधिकतम् ३६ महिनाको हुन सक्नेछ ।

२.६ शैक्षिक संस्थाले सञ्चालन गरेको शैक्षिक कार्यक्रमहरू अन्तर्गतका विषयमा आवश्यक विज्ञहरु उपलब्ध हुन सक्ने अवस्थामा मात्र एम. फिल. कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

२.७ एम. फिल. कार्यक्रम सञ्चालन गर्न शैक्षिक संस्थासँग निम्न संसाधन र संरचना हुनपर्नेछ :

(क) उच्च शैक्षिक संस्थामा तीन बर्षदेखि (पूर्णकालिन वा आंशिक रुपमा) निरन्तर कार्यरत विद्यावारिधि उपाधि प्राप्त र उप-प्राध्यापक तहदेखि माथिका कम्तिमा ६ जना प्राध्यापक (शिक्षक)

(ख) एम. फिल. अनुसन्धानका लक्षित योगदान स्तर र कार्यक्रमले प्रदान गर्ने लक्ष्य राखेका क्षमता र सीप समेत उल्लेख गरिएको एम. फिल. कार्यक्रम सञ्चालन निर्देशिका

(ग) प्राज्ञिक आचारसंहिता (Code of Academic Integrity) र अनुसन्धान अनाचार (Research Misconduct) सम्बोधन कार्यविधि (Procedure to Address Allegation of Research Misconduct) सहितका निर्दिष्ट निर्देशिकाहरू

(घ) अनुसन्धान समिति (अनुसन्धान निर्देशन, सुपरिवेक्षण, मुल्याङ्कन, गुणस्तर नियन्त्रण, आचारसंहिता र सुरक्षा जोखिम व्यवस्थापनको लागि तोकिएको जिम्मेवारी सहितको बहुसमितिय संरचना)

(ङ) एम. फिल. कार्यक्रम अन्तर्गतको अनुसन्धान परियोजनाको लागि आन्तरिक (व्यक्तिगत/संस्थागत) वा वाह्य श्रोतबाट जुट्ने गरी पूर्ण वित्तीय सहयोगको व्यवस्था वा योजना ।

(च) शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षाको प्रावधान । यस प्रयोजनका लागि विश्वविद्यालय अनुदान आयोगले तोकेको राष्ट्रिय योग्यता परीक्षण वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनैलाई पनि शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा सरह मान्न सकिनेछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(छ) निर्दिष्ट शर्त पालना गरी उपलब्ध हुने निश्चित संख्या तोकेर वार्षिक वा अर्धवार्षिक रूपमा आवेदनको लागि सार्वजनिक आह्वान गर्ने कार्य योजना ।

## परिच्छेद-३

## एम.फिल. सुपरिवेक्षक र उम्मेदवारको न्यूनतम योग्यता र शर्त

### ३.१ एम.फिल. सुपरिवेक्षकको न्यूनतम योग्यता र शर्त

(क) एम. फिल. उपाधि प्राप्त

(ख) कम्तिमा उप-प्राध्यापक वा सो सरहको पदमा एक बर्षे कार्यानुभव भएको

(ग) सूचीकृत जर्नल वा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त जर्नलमा २ वटा अनुसन्धानमूलक लेख प्रकाशित गरेको (तर, विद्यावारिधि उपाधि प्राप्त गरे पश्चात उच्च शिक्षाको क्षेत्रमा दश बर्ष प्राध्यापन तथा अनुसन्धान कार्य गरिसकेका प्राध्यापकहरुको हकमा अनुसन्धानमूलक लेखको प्रकाशन अनिवार्य शर्त हुने छैन)

(घ) कार्यक्रम सञ्चालन हुने संस्थामा पूर्णकालीन वा आंशिक रुपमा कार्यरत रहेको वा विश्वविद्यालयहरुबीच एकापसमा विज्ञहरु आदान प्रदान गर्ने सम्बन्धमा अन्तर विश्वविद्यालयीय सम्झौता भएको भए सोही बमोजिम

(ङ) एक पटकमा प्राध्यापकका लागि ६ जना, सह-प्राध्यापकको लागि ५ जना र उप-प्राध्यापकको लागि ४ जना विद्यार्थी (शोधार्थी) को अधिकतम सुपरिवेक्षण सीमा

### ३.२ एम. फिल. उपाधिको लागि उम्मेदवार हुने विद्यार्थीको न्यूनतम् योग्यता

(क) सम्बन्धित विषयमा उच्च द्वितीय श्रेणी वा ३.०/४.० सिजिपिए वा सो सरह ग्रेडमा स्नातकोत्तर तह उत्तीर्ण गरी उच्च शिक्षा योग्यता प्रारुप (Higher Education Qualification Framework) ले निर्धारण गरेको योग्यता पूरा गरेको ।

(ख) अन्तरविधागत (Interdisciplinary) अध्ययनका सन्दर्भमा उच्च शिक्षा योग्यता प्रारुपले निर्धारण गरे बमोजिम सम्बन्धित विश्वविद्यालयले तय गरेको तीस क्रेडिट घन्टाको Conversion कोर्ष पूरा गरेको ।

(ग) अनुसन्धान, अध्यापन वा सम्बन्धित पेशामा निम्न अनुसारको अनुभव भएको

(अ) उच्च द्वितीय श्रेणीको प्राप्ताङ्क वा २.५/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तरको लागि : २ वर्षको कार्य अनुभव

(आ) प्रथम श्रेणीको प्राप्ताङ्क वा ३.०/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तरको लागि : १ वर्षको कार्य अनुभव

(इ) विशिष्ट श्रेणीको प्राप्ताङ्क वा ३.५/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तरको लागि :  कामको अनुभव अनिवार्य नहुने

(घ) शैक्षिक संस्थाले व्यवस्था गरेको प्रवेश परीक्षा वा विश्वविद्यालय अनुदान आयोगले तोकेको राष्ट्रिय योग्यता परीक्षण वा आयोगले मान्यता दिएको अन्तर्राष्ट्रिय स्तरीकृत परीक्षणमध्ये कुनै एकमा विश्वविद्यालयले तोकेको प्राप्ताङ्क वा ग्रेडसहित उत्तीर्ण गरेको

(ङ) पूर्णकालीन वा आंशिक विद्यार्थी

UNIVERSITY GRANTS COMMISSION NEPAL

## परिच्छेद-४

## एम.फिल. उपाधिको प्रक्रिया र शर्त

### ४.१ एम.फिल. कार्यक्रमको लागि भर्ना प्रक्रिया

(क) शैक्षिक संस्थाले यस कार्यविधिको नियम ३.१ र ३.२ को पालना गरी उपलब्ध हुन सक्ने संख्यामा आवेदनको लागि वार्षिक वा अर्धवार्षिक रूपमा सार्वजनिक आह्वान गर्नेछ ।

(ख) प्रवेश परीक्षा सञ्चालन गरी वा मान्यता प्राप्त वैकल्पिक परीक्षणको प्राप्तांकको आधारमा प्रवेश योग्यता निर्धारण गरिनेछ ।

(ग) छनोट भएका उम्मेदवारको सम्बन्धित शैक्षिक संस्थाद्वारा अन्तर्वार्ता लिई योग्यता प्रणालीका आधारमा सफल उम्मेदवारलाई विधिवत भर्ना गरिनेछ ।

### ४.२ एम.फिल. उपाधिको लागि प्रक्रिया र शर्त

(क) उम्मेदवारले शैक्षिक संस्थाले निर्दिष्ट गरेको पाठ्य कार्यक्रम सफलतापूर्वक पूरा गर्नुपर्नेछ ।

(ख) शैक्षिक संस्थाले उम्मेदवारको अनुसन्धान रुची अनुसार शोध-सुपरिवेक्षक निर्दिष्ट गर्नेछ र सुपरिवेक्षकको सुपरिवेक्षणमा उम्मेदवारले अनुसन्धान प्रस्ताव तयार गरी सो प्रस्ताव अनुसन्धान समिति वा शैक्षिक संस्थाले तोकेको निकायमा पेश गर्नुपर्नेछ ।

(ग) अनुसन्धान समिति वा तोकिएको निकायबाट अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि अनुसन्धानको थालनी गर्नुपर्नेछ ।

(घ) अनुसन्धानको योजना र पूर्वतयारी शोध-सुपरिवेक्षकको निर्देशनमा आवश्यकता अनुसार जुनसुकै समय गर्न सकिनेछ तर अनुसन्धानको थालनी भएपछि त्यसलाई पूर्णकालीन निरन्तर परियोजनाको रुपमा सञ्चालन गरी सम्पन्न गर्नुपर्नेछ ।

(ङ) एम.फिल. उपाधिको लागि शोधकार्यबाट कम्तिमा एउटा अनुसन्धानमूलक लेख विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त समकक्ष समीक्षित (peer-reviewed) वा अन्य सूचीकृत (indexed) जर्नलमा प्रकाशित भएको वा प्रकाशनको लागि स्वीकार भएको हुनुपर्नेछ र उम्मेदवारले त्यसै अनुसार योजना गरेको हुनुपर्नेछ ।

(च) एम.फिल. शोधप्रबन्धको अन्तिम मुल्याङ्कन र उपाधिको घोषणा निम्न अनुसार हुनेछ :

(अ) उम्मेदवारद्वारा शैक्षिक संस्थाले तोकेको निकायमा निर्धारित समयसीमाभित्र शोधप्रबन्ध पेश गर्नुपर्नेछ ।

(आ) शैक्षिक संस्थाले एक जना वाह्य (स्वदेशी वा बिदेशी) विज्ञसहित सम्वन्धित विषयका कम्तिमा ३ जना विज्ञ रहने गरी मुल्याङ्कन समिति गठन गर्नेछ र सो समितिले पेश भएको शोधप्रबन्धको अन्तिम मुल्याङ्कन गर्नेछ ।

(इ) शोधकर्ता मौखिक परीक्षामा अनिवार्य सहभागी हुनुपर्नेछ ।

(ई) शोधप्रबन्धलाई सम्बन्धित विश्वविद्यालयले अन्तिम स्वीकृति दिनुपूर्व सो शोधप्रबन्धले विश्वविद्यालय वा आयोगले व्यवस्था गरे बमोजिम बौद्धिक चोरी परीक्षण (plagiarism clearance) उत्तीर्ण गरेको हुनुपर्नेछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL

(उ) शोधप्रबन्ध जुनसुकै भाषामा लेखिएको भए पनि शोधप्रबन्धको उपसंहार (Abstract) खण्ड सम्भव भएसम्म अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

(ऊ) सम्बन्धित उच्च शैक्षिक संस्थाले उपाधिको निर्णय गर्नेछ ।

(ए) उपाधि प्राप्त विद्यार्थीले शोधप्रबन्धको एकप्रति डिजिटल प्रतिलिपि (CD) विश्वविद्यालय अनुदान आयोगमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## विविध

### ५.१ सघन अनुसन्धानमा आधारित मास्टर्स् बाइ रिसर्च (Masters by research) उपाधिका सम्बन्धमा

सघन अनुसन्धानमा आधारित (Research intensive) स्नातकोत्तर उपाधि, मास्टर्स् बाइ रिसर्च (Masters by research) आदिका सम्बन्धमा विश्वविद्यालय अनुदान आयोगले अन्य कार्यविधिको व्यवस्था नगरेसम्म यसै कार्यविधिको मापदण्ड र प्रक्रियालाई न्यूनतम मापदण्ड मानी सञ्चालन गर्नुपर्नेछ । प्राज्ञिक उपाधिका मापदण्ड र समकक्षतासँग सम्बन्धित व्यवस्थाहरु भने सम्बन्धित उच्च शैक्षिक संस्था र विश्वविद्यालय अनुदान आयोगले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

### ५.२ अन्य व्यवस्था र प्रक्रिया

एम. फिल. कार्यक्रम तथा उपाधिसँग सम्बद्ध अन्य व्यवस्था र प्रक्रिया विश्वविद्यालय अनुदान आयोगले समय समयमा सम्बन्धित उच्च शैक्षिक संस्थाहरूसँग समन्वय गरी निर्धारण गरे अनुसार तथा सम्बन्धित शैक्षिक संस्था स्वयम्ले निर्धारण गरी लागु गरे अनुसार हुनेछ ।

UNIVERSITY GRANTS COMMISSION NEPAL